# स्थानीय राजपत्र


| परशुराम नगरपालिकाद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्ड: ६ | संख्या: ६ | मिति: २०८०/०४/०१ |
| जोगबुडा, | डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, | नेपाल |


## भाग – १

## परशुराम नगरपालिकाको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक ऐन, २०८०

**प्रस्तावना :**

परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था कायम गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) र धारा २३० वमोजिम परशुराम नगरपालिकाको नगर सभाको १३ औं अधिवेशनले यो ऐन जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम परशुराम नगरपालिकाको आर्थिक ऐन, २०८० रहेको छ ।

(ख) यो ऐन २०८० साल श्रावण १ गते देखी परशुराम नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

**२. सम्पत्ति कर :** परशुराम नगरपालिका क्षेत्रभित्र अनुसूची (१ ) परशुराम नगरपालिका क्षेत्रभित्रका घर र जग्गामा सम्पत्ति कर लगाई असुल उपर गरिने छ । घरको मूल्याकन अनुसूची (२) घरको वनौटको आधारमा र जग्गाको मूल्यांकन अनुसूची ३ अनुसार गरिने छ ।

**३. भुमीकर :**परशुराम नगरपालिका क्षेत्र भित्र सम्पत्ती कर लाग्ने भुमी वाहेकमा अनुसूची ३ वमोजिम भुमीकर ( मालपोत) लगाई असुल उपर गरिने छ ।

**४. वहाल करः** परशुराम नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (४) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५ व्यवसाय कर :** परशुराम नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची ५ बमोजिम व्यवसाय कर लगाइने र असूलउपर गरिनेछ ।

**६. मदिरा व्यवसाय सम्बन्धी शुल्क तथा जरिवाना :** परशुराम नगरपालिका क्षेत्रभित्र हुने मदिरा व्यवसायमा अनुसूची (६) बमोजिम शुल्क जरिवाना लगाइने गरिनेछ ।

**७. जडीबुटी, कवाडी र जीवजन्तु करः** कुनै व्यक्ति वा संस्थाले ऊन खोटो, जडीबुटी, वनकस (खर), कवाडी माल प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सि□, प्वांख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यावसायिक उपयोग गरे वापत अनुसूची- ७ बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

**८. वन पैदावारको बिक्रि करः** सामुदायीक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाइ नगरपालिकाबाट स्वीकृत गराउनु पर्नेछ र अनुसूची ८ बमोजिम वन पैदावार बिक्रि कर लगाइने र असुल उपर गरिनेछ ।

**९. विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ९ बमोजिम विज्ञापन कर लगाइने र असूलउपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. मनोरन्जन करः** परशुराम नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (१०) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**११. सेवा शुल्क, दस्तुरः** परशुराम नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. पार्किङ्ग शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाइ पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची १२ बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टि, बालुवा आदी) बिक्रि शुल्क :** परशुराम नगरपालिका क्षेत्रभित्र भएर बग्ने, IEE गरेका र घाटगद्दि तोकिएका नदी/खोलाहरुबाट **ढुङ्गा, गिट्टि, बालुवा, भरान, ग्राभेल र माटो आदीमा** अनुसूची १३ बमोजिम बिक्रि शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१४. दण्ड जरिवाना :** परशुराम नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोलाहरुबाट नदीजन्य सामग्रीहरु (ढुङ्गा, गिट्टि, बालुवा र ग्राभेल आदी) आषाढ, श्रावण र भाद्र ३ (तीन) महिना उत्खनन तथा संकलन पुर्ण रुपमा बन्द हुनेछ र सो विपरीत कोही कसैले उत्खनन तथा संकलन गरेको पाइएमा अनुसूची १४ बमोजम दण्ड जरिवाना हुनेछ र असुल उपर गरिनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई अनुसूची १५ बमोजिमका कर छुट दिईने छ ।

१६. दर घटाउन, बढाउन वा छूट दिन सक्ने : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि परशुराम नगरपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छूट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ । (२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छूट दिइएको विवरण प्रत्येक वर्ष नगर सभामा पेश गर्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छूट सुविधाको कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुलउपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

**१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि तयार गरि लागु गरिने छ ।

**१८. अन्य व्यवस्था :** परशुराम नगरपालिकाका वडा तथा अन्य कार्यालयहरूबाट सेवा प्रवाह गर्दा सेवा ग्राहीले वुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवा संग आवद्ध गरि अनिवार्य असुलउपर गरि सेवा प्रवाह गर्नु पर्ने छ ।

**१९. यसै ऐन वमोजिम भएको मानिने :** यो ऐन जारि हुनु अघि भए गरेका व्यवस्थाहरू यसै ऐन वमोजिम भए गरेको मानिने छ ।

**२०. साविक वमोजिम हुने :** यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेख नभएको हकमा साविकमा भए गरे बमोजिम नै हुनेछ ।

**२१. वाधा अडकाउ फुकाउ :** यस ऐनको कार्यान्वयनको क्रममा कुनै वाधा आई परेमा परशुराम नगरपालिका नगर कार्यपालिकालाई वाधा अडकाउ फुकाउने अधिकार रहने छ ।

**२२. खारेजी :** साविक परशुराम नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरू यस ऐन संग प्रतिकुल देखिएमा प्रतिकुल भएको हद सम्म खारेज हुनेछन् ।

## अनुसूची (१ )

**सम्पत्ती कर व्यवस्थापन कार्यबिधी तथा दरका आधारमा तपशिल बमोजीम सम्पत्ती कर निर्धारण गरीयो ।**

| क्र.स. | मुल्याङ्कन रकमको सिमा | सम्पत्ती कर रकम |
|---|---|---|
| १ | १ देखी ५ लाख सम्म | १००। |
| २ | ५ लाख देखी ७ लाख ५० हजार सम्म | १५०। |
| ३ | ७ लाख ५० हजार देखी १० लाख सम्म | २००। |
| ४ | १० लाख देखी १५ लाख सम्म | ३००। |
| ५ | १५ लाख देखी २० लाख सम्म | ४००। |
| ६ | २० लाख देखी २५ लाख सम्म | ५००। |
| ७ | २५ लाख देखी ३० लाख सम्म | ८,००। |
| ८ | ३० लाख देखी ४० लाख सम्म | १,५००। |
| ९ | ४० लाख देखी ५० लाख सम्म | २,०००। |
| १० | ५० लाख देखी ६० लाख सम्म | २,५००। |
| ११ | ६० लाख देखी ७० लाख सम्म | ३,०००। |
| १२ | ७० लाख देखी ८० लाख सम्म | ३,५००। |
| १३ | ८० लाख देखी ९० लाख सम्म | ४,०००। |
| १४ | ९० लाख देखी १ करोड सम्म | ५,०००। |
| १५ | १ करोड देखी १ करोड ४० लाख सम्म | ६,०००। |
| १६ | १ करोड ४० लाख देखी १ करोड ६० लाख सम्म | ७,०००। |
| १७ | १ करोड ६० लाख देखी १ करोड ८० लाख सम्म | ८,०००। |
| १८ | १ करोड ८० लाख देखी २ करोड सम्म | १०,०००। |
| १९ | २ करोड देखी २ करोड ५० लाख सम्म | १२,०००। |
| २० | २ करोड ५० लाख देखी ३ करोड सम्म | १५,०००। |
| २१ | ३ करोड देखी ३ करोड ५० लाख सम्म | १७,०००। |
| २२ | ३ करोड ५० लाख देखी ४ करोड सम्म | २०,०००। |
| २३ | ४ करोड देखी ४ करोड ५० लाख सम्म | २२,०००। |
| २४ | ४ करोड ५० लाख देखी ५ करोड सम्म | २५,०००। |
| २५ | ५ करोड भन्दा माथी | ३०,०००। |

**नोटः** सडक देखी घर गोठ आगन चर्चेको १ (एक) रोपनी सम्म सडकले छोएको जमीनमा मालपोत कार्यालयको मुल्याङ्गन दर रेटको आधारमा सम्पत्ती कर लिने  बाकी जमीनको मालपोत कार्यालयको सडक भन्दा बाहीरको मुल्याङ्गनको आधारमा सम्पत्ती कर निर्धारण गर्ने  र बाढी पिडित र असीना क्षतीग्रस्त परिवार लाई सम्पत्ती कर मिनाहा गर्ने

| क.स. | संरचनाको बर्गीकरण | आयु वर्ष | ह्रास कट्टी दर | मुल्याङ्गन दर प्रतिबर्ग फुट |
|---|---|---|---|---|
| १ | काठैकाठबाट  बनेको घर(कच्ची) | २५ | ०.७५% | ४५०।- |
| २ | सिमेन्ट जोडाइमा इटा वा ढुङ्गाको गारो टाइल /जस्ता छाना | २७ | १% | ५००।- |
| ३ | माटोको जोडाइमा ईटा वा ढुङ्गाको गारो जस्तावाला | ३० | १.५ % | ५२०।- |
| ४ | सिमेन्ट जोडाइमा इटा वाढुङ्गाको गारो जस्ता | ४० | २ % | ५५०।- |
| ५ | माटोको जोडाइमा ईटा वा ढुङ्गाको गारो आर.सी.सी. छाना | ६० | २.५ % | ५७०।- |
| ६ | सिमेन्टको जोडाइमा इटा वा ढुङ्गाको गारो  आर.सी.सी. छाना | ८० | २.७ % | ६००।- |
| ७ | आर.सी.सी.फ्रेम स्टक्चर | १०० | ३ % | ६३५।- |

## <u>अनुसूची (२)</u>

**सम्पत्ति करका लागि भौतिक संरचनाको वर्गीकरण तपसिल अनुसार मूल्यांकन गरी निर्धारण गरिएको छ।**

## <u>अनुसूची ३ :</u>

१: यस परशुराम नगरपालिका अन्तर्गत रहेका तपसिल बमोजिमका न्यूनतम मूल्यांकन दर एवं क्षेत्र  डडेल्धुरा जिल्ला जग्गाको न्यूनतम मूल्याङ्कन समितिबाट कायम भए अनुसार हुनेछ।

**प.न.पा वडा न १**

* सलौन देखी  कलेना सम्मको सडकको १०० मिटर दाँया बाँया प्रती आना रु ४०,००० ( अक्षरुपी चालिस हजार )

* कलेना पाथी बोडा,मकला,कोलखान जौखेत मनगडा हुदै कैनपानी जोड्ने सडकको १०० मिटर दाँया बाँया प्रती  रु १५००० ( अक्षरुपी  पन्ध्र हजार )

**प.न.पा वडा न २**

* उमलेक गगोन घङ्गरुकोट निङलाण सम्मको सडकको १०० मिटर  दाँया बाँया प्रती आना  रु ३०००० ( अक्षरुपी  तिस हजार )

* गोगन हुदै बसौटी जाने सडकको १०० मिटर दाँयाबाँया प्रती आना  रु १५००० ( अक्षरुपी  पन्ध्र हजार )

**प.न.पा वडा न ३**

* शिर्ष मिडा कालढुङ्गी देखी सिमल्टा सम्मको सडकको दाँया बाँया १०० मिटर भित्र  प्रती आना रु २०००० ( अक्षरुपी  बिस हजार )

* शिर्ष बजार हुदै झो.पु सम्मको १०० मिटर भित्र  प्रती आना रु ५५,००० ( पछ्पन्न हजार मात्र )

* शिर्ष झो.पु हेदौ भिरकोट बुङ्गा थपला रुपाल सडक खण्डको दाँयाबाँया १०० मिटर भित्र  प्रती रु १५००० ( अक्षरुपी  पन्ध्र हजार )

* शिर्ष झो.पु देखी लोपा तोडिन्ना बसौन डङसेली  पोकना बसौटी सडकको दायाबाँया १०० मिटर भित्र  प्रती आना रु १०००० ( अक्षरुपी  दश हजार )

*शिर्ष झो.पु देखी मार्कु अचलसैन सडक दायाबाँया १०० मिटर  भित्र प्रती आना  १०,००० ( अक्षरुपी दश हजार )

**प.न.पा वडा न ४**

* कालकुइ बजारदेखी कटाल चौराह छेउसम्म दाँयाबाँया सडक १०० मिटर भित्र प्रती आना रु १,२५,०००( अक्षरुपी एक लाख पचिस हजार )

* गोजाखोल्ला मल्लो कटाल  बिकास टोल हुदै बिच सडकको दायाबाँया १०० मिटर  भित्र प्रती आना रु ७५,००० ( पछ्हत्तर हजार )

* गोजा पोखरी हुदै लटरौड  जाने सडकको दाँयाबाँया १०० मिटर प्रती  भित्र आना रु ७५,००० ( पछ्हत्तर हजार )

* कटाल,रातामाटी, शिर्ष सडकको दाँयाबाँया १०० मिटर  भित्र प्रती आना रु ४०,००० - चालिस हजार मात्र )

* बुङलटोल देखी गोजा सडक १०० मिटर भित्र प्रती  भित्र आना रु ४०,००० - चालिस हजार मात्र )

* मल्लो कटाल , नयाँ बिच सडक १०० मिटर भित्र प्रती  आना रु ४०,००० - चालिस हजार मात्र )

* परशुराम सडकको रज्यौडा देखी बहादुरे सम्मको १०० मिटर  भित्र प्रती आना ७५,००० ( पछ्हत्तर हजार )

* कालकुइ बजारदेखी बिचसडक मल्लो कटाल चौरई सम्म १०० मिटर  भित्र प्रती आना ७५,००० ( पछ्हत्तर हजार )

* कालकुइ बजारदेखी बिच हुँदै बार्ड कार्यालय जाने सडकको १०० मिटर  भित्र प्रती आना ८५,००० ( पन्चासी हजार )

* कालकुई बजारदेखी तुफनडाडा गोजा खोला १०० मिटर  भित्र सम्मको प्रती आना ५५,००० - पछ्पन्न हजार )

**प.न.पा वडा न ५**

* बहादुरे देखी भुवनेश्वरी मा बी हुँदै कलपट्ठे जाने सडकको दायां बायां १०० मिटर  भित्र प्रति आना  रु ६५,००० - पैसठी हजार )

* भुवनेश्वेरी मा. वि. हेल्थपोष्ट हुदै लामीखाली वुढेनी सडकको दायां बायां १०० मिटर भित्र प्रति आना रु ४०,००० - चालिस हजार मात्र )

* वहादुरे भट्टराई टोल ,साउन टोल, ठगुन्ना टोल जाने घाडी सडकको दायां बाया १०० मिटर भित्र प्रति आना रु ४०,००० - चालिस हजार मात्र )

* वुढेनी हुदै थ्वाल टोल जाने सडकको दायां बायां १०० मिटर भित्र प्रति आना रु ४०,००० - चालिस हजार मात्र

**प.न.पा वडा नं. ६**

* सरगौडा, ठन्डजाला हुदै सिमलखेत सडकको दायां बायां १०० मिटर भित्र प्रति आना रु ३५००० ( अक्षरुपी पैतिस हजार )

* कुडाछेला वण्ड हुदै तातापानी सडकको दायां बायां १०० मिटर भित्र प्रति आना रु ५५००० ( अक्षरुपी पछपन्न हजार )

**प.न.पा वडा नं: ७**

* सादनी गडगडे देखी कराली सम्मको महाकाली करीडोर सडकको दायां बायां १०० मिटर भित्र प्रति आना रु ५५००० ( अक्षरुपी पछपन्न हजार )

* गडगडे , भगपति टोल , ठुलागाडा साखा सडकको दायां बायां १०० मिटर भित्र प्रति आना रु ३५००० ( अक्षरुपी पैतिस हजार )

* कंन्चनपुर चुनेपानी हुदै प.न.पा. को गैरिखान पिपलकोट मलास झिलमिला कसान सडकको दायां बायां १०० मिटर भित्र प्रति रु २०००० ( अक्षरुपी बिस हजार )

**प.न.पा वडा नं: ८**

* डेवरी , जमरानी , काफलगैरा , कैरेनी लामगाडा सादनी सडक खण्डको दायां बायां १०० मिटर भित्र प्रति आना रु ३५००० ( अक्षरुपी पैतिस हजार )

* जमरानी ,गुप्तीगडा हुदै साईसन पुरनपानी सम्मको दायां बायां सडकको १०० मिटर भित्र प्रति आना रु ३०,००० ( अक्षरुपी तिस हजार )

**प.न.पा वडा नं ९**

* पुन्तुरा पुलदेखी कुयापानी, साँणघाटी, थापाथली गाईबाधे सम्मको दायां बायां सडकको १०० मिटर भित्र प्रति आना रु ७५,००० ( पछ्हत्तर हजार )

* खानीडाडा देखी डेवरी सम्मको दायां बायां सडकको १०० मिटर भित्र प्रति आना रु ३५००० ( अक्षरुपी पैतिस हजार )

* आतरचौकी, कुयापानी,आमथला विच जफती सत्घाट सम्मको दायां बायां सडकको १०० मिटर भित्र प्रति आना रु २५००० ( अक्षरुपी पचिस हजार )

*साणघाटी हुदै कुयापानी धनुके हट्वानी जाने सडकको दायां बायां १०० मिटर भित्र प्रति प्रति आना रु ३५००० ( अक्षरुपी पैतिस हजार

**प.न.पा वडा नं: १०**

*साँणघाटी वेलडाडी जालगाडा भितेसाल जोजला सालघाडी कुरमुल्ले ढकानी सम्मको सडक छेउछाउ दायां बायां १०० मिटर भित्र प्रति प्रति आना रु ५५,००० ( पछपन्न हजार )

**प.न.पा वडा नं: ११**

*एक्लेगडा देखी सलेता सम्मको सडक छेउछाउ १०० मिटर भित्र प्रति आना रु ३५००० ( अक्षरुपी पैतिस हजार )

*भट्टेनी देखी सिमलबण्ड सम्मको दायां बायां १०० मिटर भित्र प्रति आना रु २०००० ( अक्षरुपी बिस हजार )

*फल्लेखर्क, दोबाटो उत्तरखेडा पलगडी सडकको दायां बायां १०० मिटर भित्र प्रति आना रु १५००० ( अक्षरुपी ब पन्ध्र हजार )

**प.न.पा वडा नं. १२**

* लामीजाला, कैनपानी तुलाभाडी हुदै आमपानी सम्मको दायां बायां १०० मिटर भित्र सडकको प्रति आना रु ३०,००० ( अक्षरुपी तिस हजार )

* लालढुङ्गा वजार मिलखोला देखी सिद्धाथान मन्दिर न. पा. भवन सम्मको सडक छेउछाउ १०० मिटर भित्र प्रति आना १,२५,००० ( अक्षरुपी एक लाख पचिस हजार मात्र )

* सिद्धाथान मन्दिर देखी पुन्तुरा सि. मा. वि.सम्मको सडक छेउछाउ १०० मिटर भित्र प्रति आना ७५,००० ( अक्षरुपी पछहत्तर हजार मात्र )

* लालढुङ्गा, मिलखोला देखी मल्लो सडक त्रिवेणी क्याम्पस .सम्मको सडक छेउछाउ १०० मिटर भित्र प्रति आना ७५,००० ( अक्षरुपी पछहत्तर हजार मात्र )

* सिद्धाथान चौराहा देखी पुन्तुरा घाडी सडक दायां बायां १०० मिटर भित्र प्रति आना प्रति आना रु ३०,००० ( अक्षरुपी तिस हजार )

**२ : यस परशुराम नगरपालिका अन्तर्गत रहेका तपसिल बमोजिमका न्यूनतम मूल्यांकन दर एवं क्षेत्र जिल्ला जग्गाको न्यूनतम मूल्याङ्कन समितिबाट कायम भए वमोजिम हुनेछ।**

**१** : परशुराम नगरपालिका अन्तरगत साविक जोगवुडा गा.वि.स. वार्ड नं. १ परशुराम न.पा. लालढुङ्गा बजारको मिल खोला देखि नदी पश्चिम पुरानो प्रहरी चौकि सम्म सडकको दाँया वाँया १०० मिटर भित्र प्रती आना १,२५,००० -एक लाख पचिस हजार मात्र ) कि.नं. ३८४, ३४२, ३२९, ३३२, २७४, ४०३, ४०४ र पुरानो प्रहरी चौकि देखि पुन्तुरा सिद्धनाथ उच्च मा.वि. सम्म सडकको दाँया वाँया १०० मिटर भित्र प्रति आना रु ८०,०००। -असि हजार मात्र) कि.नं. २४६, २४७, ६७५, ६७६, ५१२, ५१३, ५६२, ५६३, ५८४, ५८८, ५७६, ५७७, २९२, २९५, ३१२, ४२२, २५, ४५, ४६, ४७, ४८, ८७, ८८, ५४६, ८, ९, १०, २७, ३३ र ३४

**२** : परशुराम नगरपालीका अन्तर्गत साविक शिर्ष गा.वि.स.कटाल बजार क्षेत्र, बहादुर रजौटा बजार क्षेत्रको सडकको दाँया वाँया १०० मिटर भित्र प्रति आना रु. १,२५,००० -एक लाख पचिस हजार मात्र ) कि.नं. १०, ११, ३२३, ३२४, २१, २२, २३, २४, २५, १५१, १५३, ११७, १२०, २, १७, १८, १९, २०, १६२, १६१, १६४, २२५, १३५, १३६, १३७, २, ३, १८९, १९० र कटाल देखि परशुराम सडकको दाँया वाँया १०० मिटर भित्र प्रति आना रु.७५,०००।-पछहतर हजार मात्र) कि.नं. २८, २९, ३०, ३१, ३२, ३३, ३४, ७५, ८०, ८४, १२४, १२५, १२३, १२६, १५३, १६२, १६५, १६६, १६९ र १७०

**३**: परशुराम नगरपालीका अन्तर्गत शिर्ष रुपाल सडकको दायाँ बायाँ १०० मिटर सम्म प्रति आना रु.७५,०००।-पछहतर हजार मात्र) ।

**४**: परशुराम नगरपालीका अन्तर्गत आदर्श चोक देखि गोजा सडक कटाल बिच सडकको १०० मीटर दायाँ वायाँ प्रति आना रु.७५,०००।-पछहतर हजार मात्र)

**५**: परशुराम नगरपालीका अन्तर्गत लेटेरोड देखि सलोन कलेना सम्म सडकको दायाँ बायाँ १०० मीटर प्रति आना रु २८,००० -अठाईस हजार) मात्र ।

**६**: परशुराम नगरपालीका अन्तर्गत जोगवुडा सिद्धनाथ उच्च मा.वि. पुन्तुरा खोला पारी देखि लिप्ना सम्म सडकको दाँया वाँया १०० मिटर भित्र प्रति आना रु.७५,०००। -पछहत्तर हजार मात्र) । कि.नं. ५७, ५८, ५९, ६०, ६१, ६२, ५५, ५६,२३, ३३, ५६, ५७, २२८, २२९, २८७, २८८, २८९, २९०, २९१, २०० र २०७

७ : परशुराम नगरपालीका अन्तर्गत भौनेली सडक देखि सुनखर्क सम्म सडको दायाँ बायाँ १०० मीटर प्रति आना रु ३६००० (छतिस हजार) मात्र ।

८: परशुराम नगरपालीका अन्तर्गत चौराहा देखि लटेरोड सुनखर्क सम्म सडकको १०० मीटर दायाँ वायाँ प्रति आना रु ३६००० ( छतिस हजार) मात्र ।

**३ : परशुराम नगरपालिका स्थित माथि उल्लेखित मुख्य मुख्य सडक र बजार क्षेत्र भन्दा बाहेक अन्य स्थानको हकमा निम्नानुसार जग्गाको न्यूनतम मुल्याङ्कन आर्थिक वर्ष २०७९/०८० को कायम गरिएको छ ।**

**प्रती रोपनी (रु हजारमा)**

| | खेत तर्फ | | | | पखो तर्फ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| साविक का गा.वि.स.हरु | अब्बल | दोयम | सिम | चहार | अब्बल | दोयम | सिम | चहार | वाझो |
| जोगबूडा १ | १३० | १२० | १०५ | ९५ | ९० | ९० | ८० | ७० | ५० |
| जोगबूडा २ | १०० | ९० | ८० | ७० | ८० | ७० | ५५ | ५० | ४५ |
| जोगबूडा ३ | १३० | १२० | १०५ | १०० | ९० | ९० | ८० | ५० | ५० |
| जोगबूडा ४ | १०० | ९५ | ९० | ५९ | ८० | ७० | ७० | ५५ | ४५ |
| जोगबूडा ५ | ११० | १०५ | १०० | ९५ | ९० | ९० | ८० | ६० | ६० |
| जोगबूडा ६ | १०० | ९० | १०० | ७० | ७५ | ७० | ७० | ५० | ३५ |
| जोगबूडा ७ | १०० | ९५ | ९० | ८० | ८० | ७० | ७० | ५५ | ५० |
| जोगबूडा ८ | १०० | ९५ | ९० | ८० | ८० | ७० | ७० | ५५ | ५० |
| जोगबूडा ९ | १०० | ९५ | ९० | ८० | ८० | ७० | ७० | ५५ | ५० |
| शिर्ष १ | ९५ | ९० | ८० | ९५ | ८० | ७० | ७० | ५५ | ५० |
| शिर्ष २ | ९५ | ९० | ८० | ९५ | ८० | ७० | ७० | ५५ | ५० |
| शिर्ष ३ | ९५ | ९० | ८० | ९५ | ८० | ७० | ७० | ५५ | ५० |
| शिर्ष ४ | ९५ | ९० | ८० | ९५ | ८० | ७० | ७० | ५५ | ५० |
| शिर्ष ५ | ९५ | ९० | ८० | ९५ | ८० | ७० | ७० | ५५ | ५० |
| शिर्ष ६ | ११० | १०० | ९५ | ९० | ९५ | १०० | ९० | ८० | ५५ |
| शिर्ष ७ | ११० | १०० | ९५ | ९० | ९५ | १०० | ९० | ८० | ५५ |
| शिर्ष ८ | १०५ | १०० | १०० | ९० | ९५ | ९० | ८० | ७० | ५० |
| शिर्ष ९ | ११० | १०० | ९५ | ९० | ९५ | १०० | ९० | ८० | ६० |

## अनुसूची (४)

| क सं | बहालकरका क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | वहाल कर | १०% | |
| घर वहाल कर (ऐलानी वा प्रति जग्गामा बनेको संरचनाको हकमा वहाल विटोरी कर) | | | |
| १ | कच्ची घरको बार्षिक | ५० | |
| २ | अर्धपक्की घरको बार्षिक | १०० | |
| ३ | पक्की १ तले घरको बार्षिक | १५० | |
| ४ | पक्की थप प्रति तला २५ का दरले बार्षिक | | |

## अनुसूची (५) : दफा ५ संग सम्बन्धित व्यवसाय कर

## परशुराम नगरपालिकाले आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा लगाउने सक्ने व्यवसाय करको दर

| सि.न. | समुह | उपसमुह | दर | कैफियत |
|---|---|---|---|---|
| १ | होटल तथा लज तर्फ बार्षिक कर | | | |
| | १ | दुई तले र सो भन्दा माथी आवासिय | १,५००।- | |
| | २ | होटल एक तले | ६५०।- | |
| | ३ | मिठाई पसल | ६५०।- | |
| | ४ | चिया तथा कफी | ३५०।- | |
| २ | पशुपक्षी वधशाला तथा माछा मासु पसल बार्षिक | | | |
| | १ | खसिको कटिङ मासु पसल | ६५०।- | |

| | | | | |
|---|---|---|---|---|
| | २ | बङ्गुर कटिङ मासु पसल | ६५०।- | |
| | ३ | माछा कटिङ मासु पसल | ६५०।- | |
| | ४ | कुखुरा कटिङ मासु पसल | ६५०।- | |
| ३ | **साग सब्जी तथा फलफुल तर्फ बार्षिक कर** | | | |
| | १ | सानो खोका छाप्रा साग सब्जी तथा फलफुल | ३००।- | |
| | २ | ठुलो खोका छाप्रा साग सब्जी तथा फलफुल | ६५०।- | |
| ४ | **स्वास्थ्य सेवा तथा क्लिनिक तर्फ** | | | |
| | १ | औषधी पसल | ६५०।- | |
| | २ | एक्सरे पसल | ६५०।- | |
| | ३ | चस्मा पसल | ६५०।- | |
| | ४ | दाँत बनाउने पसल | ६५०।- | |
| | ५ | एग्रोभेट र पशुपंक्षि | ६५०।- | |
| | ६ | आयुर्वेदिक पसल | ६५०।- | |
| | ७ | पोलिक्लिनिक | ३००० | |
| ५ | **उद्योग कारखाना तथा बिक्री कक्ष समेत बार्षीक दस्तुर** | | | |
| | १ | कोलु | ५००।- | |
| | २ | सहमिल आरा मिल | ३५००।- | |
| | ३ | बगरखेती गर्ने लाई प्रती बारी | ५००।- | |
| | ४ | पाउरोटी ,नमकीन उद्योग | १,५००।- | |
| | ५ | फर्निचर उद्योग काष्ठ तथा स्टील बिक्री | १,५००।- | |
| | ६ | फर्निचर बिक्री कक्ष | १,५००।- | |
| | ७ | अगरबत्ती तथा मैनबत्ती उद्योग | ७००।- | |
| | ८ | होजेरी उद्योग तथा सो संग सम्बन्धि बिक्री पसल | १,५००।- | |
| | ९ | होम पाईप बिद्युत पोल र सिमेन्ट सामाग्री उत्पादन | ३,०००।- | |
| | १० | बरफ तथा आईसक्रिम उद्योग | ७००।- | |
| | ११ | चाउमीन उद्योग | १५००।- | |
| | १२ | सिरक डसना उद्योग | २,०००।- | |
| | १३ | चिउरा तथा भुजा मिल | ६५०।- | |
| | १४ | गल्ला तथा खाद्यान्न खरिद बिक्री उद्योग | १,५००।- | |
| | १५ | पशु पंक्षि दानाको कच्चा पदार्थ सप्लायर्स | ७००।- | |
| | १६ | दाना उद्योग | ७००।- | |
| | १७ | कुटानी, पिसानी र पेलानी मिल,व्यवसाय र उद्योग | १३००।- | |
| | १८ | क्रेसर उद्योग इस्कीन सहित अस्थायी | १५,०००।- | |

| | | | | |
|---|---|---|---|---|
| | १९ | केसर उद्योग इस्कीन सहित स्थायी | २००००।- | |
| ६ | ईलेक्ट्रोनिक, मोबाल, कम्प्युटर,रेडियो, घडी, टिभि पसल | | | |
| | १ | टि.भि. तथा फ्रिज समेतको डिलर पसल | २०००।- | |
| | २ | रेडियो तथा घडी मर्मत पसल | ४००।- | |
| | ३ | ईलेक्ट्रोनिक सामानहरु बिक्री पसल | ५००।- | |
| | ४ | ईलेक्ट्रोनिस र ईलेक्ट्रोकल सामान मर्मत पसल मात्र | १२००।- | |
| | ५ | कम्प्यूटर तथा फोटोकपी मसिन तथा सामान बि. | १५००।- | |
| | ६ | डबिङ फोटोकपी पसल | ६५०।- | |
| | ७ | डि.भि.डेग रेडियो तथा घडी मर्मत पसल बार्षिक | ६००।- | |
| | ८ | डि.भि. डेग रेडियो तथा घडी मर्मत पसल | ७००।- | |
| | ९ | कलर ल्याव (क) श्रेणी | १५००।- | |
| | १० | फोटो स्टुडियो | ७००।- | |
| | ११ | भिडियो क्यामरा र फोटो स्टुडियो | १५००।- | |
| | १२ | फोटोकपी गर्ने तथा मर्मत पसल | ३००।- | |
| | १३ | Computer बिक्री तथा पार्टस पसल | १५००।- | |
| | १४ | Computer Institute | १०००।- | |
| | १५ | भिडियो सिडि पसल | ४००।- | |
| | १६ | विजुलीका समान, सोलार, ब्याट्री डिलर पसल | ३०००।- | |
| | १७ | मोवायल मर्मत बिक्री/सिमकार्ड | १,०००।- | |
| | १८ | सिमकार्ड बिक्री पसल | ५००।- | |
| | १९ | मोवायल मर्मत | ५००।- | |
| | २० | केबुल व्यवसाय | १,५००।- | |
| | २१ | इन्टरनेट सेवा प्रदायक संस्था | १,५००।- | |
| ७ | **निर्माण व्यवसायी** | | | |
| | १ | घ वर्ग निर्माण व्यवसाय नविरकण असोज सम्म | **३०००** | |
| | २ | घ वर्ग निर्माण व्यवसाय नविरकण असोज पछाडी | **४०००** | |
| | ३ | ठेक्का पट्टा सम्बन्धी घ वर्ग नयाँ व्यवसाय इजाजत पत्र | **३५०००** | |
| | ४ | घ वर्ग निर्माण व्यवसाय प्रमाण प्रतिलिपि तथा नामसारी | **२०००।** | |
| ८ | **ज्वेलरी गरगहना पसल** | | | |
| | १ | सुनचाँदी गहना पसल थोक बिक्रेता | १५००।- | |
| | २ | सुनचाँदीका गहना बनाउने खुद्रा तथा साना पसल | ६५०।- | |
| ९ | **विज्ञापन, परामर्श तथा अन्य सेवा** | | | |
| | १ | ईन्जिनियरिङ कन्सल्टेन्सी सेवा | **३५००** | |
| | २ | घर नक्सा बनाउने कन्सल्टेन्सी सेवा | **३५००** | |

| | | | | |
|---|---|---|---|---|
| | **३** | विज्ञापन एजेन्सी व्यवसाय | ७००।- | |
| | **४** | लेखा परीक्षक क र ख वर्ग | १०००। | |
| | **५** | लेखा परीक्षक ग र घ वर्ग | ७००। | |
| | **६** | ज्योतिष विद्या तथा सेवा | ७००। | |
| | **७** | विमा एजेन्ट | ५००। | |
| | **८** | **कानुन व्यवसायी तथा ल फाम** | ७००।- | |
| | **९** | **लेखापढी व्यवसाय** | ५००। | |
| | **१०** | **वैदेशिक रोजगार सेवा** | १०००। | |
| | **११** | **सेक्युरिटी गार्ड प्रदान गर्ने** | १०००। | |
| १० | **एजेन्सि तथा थोक बिक्री पसलको बार्षिक कर** | | | |
| | १ | मोटर साईकल डिलर | २५००।- | |
| | २ | टेक्टर टेम्पो प्रति डिलर | २५००।- | |
| | ३ | पम्पिङ सेट, जेनेरेटर प्रति डिलर | २५००।- | |
| | ४ | वाहिरबाट आई गोदाम राखी बिक्री गर्ने लाई | १०००० | |
| ११ | **मट्टितेल, डिजल, पेट्रोल पम्प तर्फ बार्षिक कर** | | | |
| | १ | मट्टितेल, डिजल, पेट्रोल पम्प संयुक्त | ३०००।- | |
| | २ | डिजल पम्प मात्र | २०००।- | |
| १२ | **एफ एम रेडियो व्यवसाय** | | | |
| | १ | एफ एम रेडियो व्यवसाय संचालन अनुमति | ३५००० | |
| | २ | एफ एम रेडियो व्यवसाय कर तथा नबिकरण (बार्षिक) | ३,०००।- | |
| १३ | **विविध व्यबसायहरु** | | | |
| | १ | किराना पसल ठूला (बार्षिक १० लाख भन्दा माथिको कारोबारमा) | ७५०।- | |
| | २ | किराना पसल मझौला (बार्षिक ५ देखि १० लाख सम्मको कारोबारमा) | ५००।- | |
| | ३ | किराना पसल सानो तथा खोका (बार्षिक ५ लाख सम्मको कारोबारमा) | ३००।- | |
| | ४ | ग्यास सिलिन्डर बिक्रेता पसल | ६५०।- | |
| | ५ | कोक तथा पेप्सी डिलर | २०००।- | |
| | ६ | बिभिन्न सामान सप्लायर्स | ६५०।- | |
| | ७ | छड सिमेन्ट करकट पाता प्रति बस्तु डिलर वार्षिक | १५००।- | |
| | ८ | साईकिल बिक्री तथा पाठपूर्जा | ६५०।- | |
| | ९ | साईकिल मर्मत | ३००।- | |
| | १० | जुत्ता चप्पल बिक्री पसल | १,०००।- | |
| | ११ | कस्मेटिक श्रृगार सामान पसल | १,०००।- | |
| | १२ | सटरिङ सेवा व्यवसाय | ५००।- | |

| | | | | |
|---|---|---|---|---|
| | १३ | टेण्ड हाउस | १००० | |
| | १४ | बेण्ड बाजा/डिजि साउण्ड | ७०० | |
| | १५ | छापाखाना | १,५००।- | |
| | १६ | Stationary तथा पुस्तक पसल | ६५०।- | |
| | १७ | ट्रान्सपोर्ट ढुवानी सेवा | ६५०।- | |
| | १८ | फेन्सी बिबिध पसल | १,०००।- | |
| | १९ | फेन्सी कपडा पसल | १,०००।- | |
| | २० | भाँडा पसल (हार्डवेयर) | १,०००।- | |
| | २१ | हार्डवयर तथा निर्माण सामाग्री पसल | १५००।- | |
| | २२ | मार्वल पसल | १५००।- | |
| | २३ | शिशा प्लाईउड सनमाईका जन्य पसल | १५००।- | |
| | २४ | खेलौना सजावट पसल | ५००।- | |
| | २५ | पेन्टिङ आर्ट पसल | ७००।- | |
| | २६ | गाई, भैंसी, बाखा, कुखुरा पालन लगायत कृषि तथा पशुपन्छि फर्म | ६००।- | |
| | २७ | मौरी पालन फर्म वा व्यवसाय | २००।- | |
| | २८ | बसको टिकट काउण्टर | १५००।- | |
| | २९ | सवारी चालक तालीम सेन्टर | १०००।- | |
| | ३० | पुल हाउस पसल | ५००।- | |
| | ३१ | ज्यावल, आईरन रासी काँसा, तामा पित्तल मात्र बनाई व्यवसाय गर्नेलाइ | ६५०।- | |
| | ३२ | सिलाई पसल | ६५०।- | |
| | ३३ | सटिङ सुटिङ पसल | ६५०।- | |
| | ३४ | सिलाई मेसिन मर्मत पसल | ३५०।- | |
| | ३५ | सैलुन कपाल काट्ने | ५००।- | |
| | ३६ | ब्यूटी पार्लर | ६५०।- | |
| | ३७ | अटो मोटर पार्ट बिक्री तथा मर्मत | १००० | |
| | ३८ | बस जिप तथा टेक्टर मर्मत पसल | १००० | |
| | ३९ | मोटर साईकल मर्मत तथा पार्टस बिक्री | १००० | |
| | ४० | फलफुल तथा नर्सरी व्यवसाय | ५००।- | |
| | ४१ | स्वदेशी तथा बिदेशी भाषा प्रशिक्षण केन्द्र | १२५०।- | |
| | ४२ | होटेल तालीम सेन्टर | १२५०।- | |
| | ४३ | प्लाष्टिक भाँडा बर्तन | १०००।- | |
| | ४४ | पेन्टर्स तथा रङ्गरोगन पसल | १०००।- | |
| | ४५ | गिफ्ट तथा उपहार बिक्री पसल | ५००।- | |

| | | | | |
|---|---|---|---|---|
| | ४६ | सुर्तिजन्य व्यवसाय | १५००।- | |
| | ४७ | धर्मकाटा व्यवसाय | १,०००।- | |
| | ४८ | डेरीका सामान बिक्री गर्ने पसल | ७००।- | |
| | ४९ | दुध दही घ्यू पनिर बिक्रि पसल | ५५०।- | |
| | ५० | सिसा फलाम जाली कवाडी कर प्रति ट्रीप | १,२००।- | |
| | ५१ | ब्यापार ब्यवसायमा ५ लाख सम्म | ७००।- | |
| | ५२ | ब्यापार ब्यवसायमा २०लाख सम्म | १२००।- | |
| | ५३ | ब्यापार ब्यवसायमा २० लाख भन्दा बढी | २०००।- | |

## अनुसूची (६)

| **मदिरा जन्य सेवा शुल्क दस्तुर** | | | |
|---|---|---|---|
| **क.सं.** | **मदिरा सम्बन्धि शुल्क जरिवाना र अन्य प्रावधान देहाय बमोजिम रहेको छ ।** | **दर** | **कैफियत** |
| १ | नयाँ डिलर खोल्ने इजाजत अनुमती तथा सिफारिसका | **१,५१,००० ।** | |
| २ | नयाँ बिर्को खोलि बेच्ने पसल इजाजतका अनुमती तथा सिफारिस | **५१,०००।** | |
| ३ | नविकरण मदिरा डिलर बार्षिक | **३५,०००।** | |
| ४ | नविकरण बिर्को खोलि बेच्ने पसल | **७,०००।** | |
| नगरपालिकाको अनुमती, इजाजत नलिएका डिलरहरुले नगरपालिका क्षेत्रभित्र मदिरा बेचबिखन गर्न पाइने छैन । नगरपालिकाको अनुमती, इजाजत नभएका मदिरा बिक्रेताले नगरपालिका भित्र मदिरा ल्याइ प्रवेश गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ । | | | |
| १ | नगरपालिकाको ईजाजत नलिएका डिलरहरुले नगरमा प्रवेश गरेमा पहिलो पटकका लागि | २५,०००/- देखि १,००,०००/- | |
| २ | दोश्रो पटकका लागि | ५०,०००/- देखि १,५०,०००/- | |
| ३ | तेश्रो पटकका लागि : | १,००,०००/- देखि २,००,०००। | |
| **अवैध रुपमा मदिरा बेचविखन गरेमा** | | | |
| १ | पहिलो पटकका लागि | ५,०००। | |
| २ | दोश्रो पटकका लागि | १०,०००/- | |
| ३ | तेश्रो पटकका लागि | २०,०००/- | |

**नोट: मदिरा व्यवस्थापन सम्बन्धमा अन्य व्यवस्थाहरु परशुराम नगरपालिकाको मदिरा सेवन तथा उत्पादन नियन्त्रण ऐन २०७६ बमोजिम हुनेछ ।**

## अनुसूची(७)

| क.सं. | जडिबुटी, कवाडी र जीवजन्तु निकासी पैठारी करहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | जडीबुटी निकासी छुट पुर्जीको आधारमा प्रति कि.लो | २।- | |

| | | | |
|---|---|---|---|
| २ | सिसा फलाम जाली कवाडी कर प्रति ट्रीप | १,२००।- | |
| ३ | गाई साढे (प्रति गोटा) | ५०।- | |
| ४ | रागा भैसी (प्रति गोटा) | ५००।- | |
| ५ | खसी बाखा भेडा (प्रति गोटा) | २०।- | |
| ६ | कुखुरा अण्डा (प्रति गोटा) | १।- | |

## अनुसूची (८)

| क.सं. | बनपैदावारको विक्रि करहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक बनले काठ बिक्री मुल्यको राजश्वको | १०% | |
| २ | निकासी भै जाने साल काठबाट प्रति क्यू.फिट | ५०।- | |
| ३ | नगर पालिका भित्रको ब्यापार साल काठबाट प्रति क्यू.फिट | ३०।- | |
| ४ | निकासी भै जाने कुकाठ (सल्लो,खयर,) बाट प्रति क्यू.फिट | ३०।- | |
| ५ | नगरपालिका भित्रका कुकाठ (सल्लो,खयर,) बाट प्रति क्यू.फिट | १५।- | |
| ६ | काठ दाउरा (दहत्तर बहत्तर) प्रति किलो | २।- | |
| ७ | निङला बाँस (प्रति गोटा) | ३।- | |

## अनुसूची (९)

- **होडिङ बोर्डको वार्षिक दस्तुर**

| होडिङ बोर्डको वार्षिक दस्तुर प्रति स्क्वायर फिटमा | | दर | कैफियत |
|---|---|---|---|
| १ | १२ स्क्वायर फिट सम्म | २५।- | |
| २ | २४ स्क्वायर फिट सम्म | २५।- | |
| ३ | २४ स्क्वायर फिट भन्दा माथि | ३०।- | |
| ४ | भित्ते लेखन प्रति स्क्वायर फिट | १८।- | |
| **१२ स्क्वायर फिट सम्मका प्रति व्यानरको** | | | |
| १ | फ्ल्याष्क बोर्ड व्यानर व्यवसाय १२ स्क्वायर फिट सम्म पसल वाहिरको बार्षिक | २२५।- | |
| २ | फ्ल्याष्क बोर्ड व्यानर व्यवसाय १२ स्क्वायर फिट भन्दा माथी पसल वाहिरको बार्षिक | २२५।- | |
| ३ | बढीमा ६ स्क्वायर फिट सम्मको पोलमा राख्ने प्रति बोर्डको | ११५।- | |
| ४ | **सामान्य व्यानर, पोल व्यानर दस्तुर न.पा.बाट ताके अनुसार हुने छ ।** | २५ प्रति पिस | |

**नोट : नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट जारी जनचेतनामुलक पोष्टर, व्यानर र पम्पलेट, होडिङ्ग बोर्डमा विज्ञापन कर लाग्ने छैन ।**

## अनुसूची (१०)

| क सं | मनोरञ्जन कर | दर | कैफियत |
|---|---|---|---|
| १ | सिनेमा हल | १०००। | |

| | | | |
|---|---|---|---|
| २ | मेला महोत्सव कर | **१०००।** | |
| ३ | पर्यटन शुल्क | १०। | |
| ४ | पार्क शुल्क | **१०।** | |
| ५ | हाट बजार | **२००।** | |

## अनुसूची ११

| क सं | सेवा शुल्क दस्तुर | दर | कैफियत |
|---|---|---|---|
| १ | नेपाली नागरिकता सिफारिसको | १०० | |
| २ | जन्म मिति प्रमाणितको | १०० | |
| ३ | अबिवाहित प्रमाणितको | १०० | |
| ४ | नावालक सिफारिसको | १०० | |
| ५ | अंग्रेजीमा गरिने सामान्य सिफारिसका | ३००।- | |
| ६ | अंग्रेजीमा गरिने पारिवारिक विवरण नाता कायमको | ५५०।- | |
| ७ | नाता प्रमाणितको | २५०। | |
| ८ | पारिवारिक विवरणको | २५०। | |
| ९ | बासोबास प्रमाणितको | १७०।- | |
| १० | सगोल भएको प्रमाणितको | १७०।- | |
| ११ | बैबाहिक सम्बन्ध प्रमाणितको | २५०।- | |
| १२ | व्यक्तिगत घटना दर्ता जरिवाना तथा प्रतिलिपिको | ५००।- | |
| १२ | चारित्रिक प्रमाणित सर्जिमिन सहितका | ३५०।- | |
| १३ | चारकिल्ला प्रमाणीतको | २५०।- | |
| १४ | मरुवा सरुवा नामसारी अंशबण्डा सिफारिस | २५०।- | |
| १५ | बैबाहिक अंगीकृत नागरिकता सिफारिस | १,५००।- | |
| १६ | अंगीकृत नागरिकता सिफारिस | २,०००।- | |
| १७ | खानेपानी जडान, नामसारी, ठाउँसारीको | २५०।- | |
| १८ | बिद्युत जडान संस्थागतको | ६५०।- | |
| १९ | बिद्युत जडान, नामसारी, ठाउँसारी ब्यक्तिगतका | ३००।- | |
| २० | बिद्युत जडान, नामसारी, ठाउँसारी सानाउद्योगका | ६६०।- | |
| २१ | बिद्युत जडान, नामसारी, ठाउँसारी मझौला उद्योगका | ७७०।- | |
| २२ | बिद्युत जडान, नामसारी, ठाउँसारी ठूला उद्योगका | २५०।- | |
| २३ | कुकाठ कटान सिफारिस गरेको | १०००।- | |
| २४ | घरेलु उद्योग सर्जिमिन सहितको | ५००।- | |
| २५ | ब्यबसाय दर्ता तथा सञ्चालन सिफरिसको | ५००।- | |
| २६ | ब्यबसाय बन्द गरिएको सिफारिसको | १७०।- | |
| २७ | ब्यबसाय नाम परिवर्तन सिफारिसको | २००।- | |
| २८ | सर्जिमिन दस्तुरको | ३५०।- | |
| २९ | टेलीफोन नामसारीको | २००।- | |
| ३० | सञ्चार सम्बन्धी सिफारिसको | २००।- | |
| ३१ | घर जग्गा नामसारीको | २००।- | |
| ३२ | घर तथा बाटो भएको प्रमाणीतको | २५०।- | |
| ३३ | घर तथा बाटो नभएको राजिनामाको | २५०।- | |
| ३४ | घर तथा बाटो भएको राजिनामा भित्री खेतको | २००।- | |
| ३५ | घर तथा बाटो नभएको राजिनामा भित्री खेतको | २००।- | |
| ३६ | घर तथा बाटो भएको (अंशबण्डा र बकस) | २५०।- | |
| ३७ | घर तथा बाटो नभएको (अंशबण्डा र बकस) | २००।- | |
| ३८ | नक्शापास फाराम दस्तुर | १५०।- | |
| ३९ | घर जग्गा मुल्याङ्कन बैंक प्रयोजन | ५००।- | |
| ४० | बैदेशिक प्रयोजनको लागी | १,०००।- | |

| | | | |
|---|---|---|---|
| ४१ | रु. १० लाख सम्म सम्पत्ति प्रमाणित | १,२५०।- | |
| ४२ | रु. १० लाख देखि २५ लाख सम्म | १,२५०।- | |
| ४३ | रु. २५ लाख देखि ५० लाख सम्म | २,५००।- | |
| ४४ | रु. ५० लाख देखि७५ लाख सम्म | ३,०००।- | |
| ४५ | रु. ७५ लाख देखि १ करोड सम्म | ३,५००।- | |
| ४६ | रु. १ करोड देखि १ करोड ५० लाख सम्म | ४,५००।- | |
| ४७ | रु. १ करोड ५० लाख देखि २ करोड सम्म | ५,०००।- | |
| ४८ | रु. २ करोड देखि २ करोड ५० लाख सम्म | ६,०००।- | |
| ४९ | रु. २ करोड ५० लाख देखि ३ करोड सम्म | ६,५००।- | |
| ५० | रु. ३ करोड देखि ४ करोड सम्म | ९,५००।- | |
| ५१ | रु. ४ करोड देखि ५ करोड सम्म | १०,५००।- | |
| ५२ | रु. ५ करोड भन्दा माथी ८ हजार पछिको रकममा प्रति सय ०.२५ पैसाका दरले हुने रकम जोडी लिने । | | |
| ५३ | सामान्य सिफारिस दस्तुर | २००।- | |
| | निजि शैक्षिक संस्था | | |
| ५४ | निजि स्तरका शैक्षिक संस्था आवेदन दस्तुर | १०००।- | |
| ५५ | निजि स्तरका शैक्षिक संस्था खोल्न आधारभुत तह | २०,०००।- | |
| ५६ | निजि स्तरका शैक्षिक संस्था खोल्न मा.बी. तह | ३०,०००।- | |
| ५७ | निजी प्रा.बि. तह बार्षीक दस्तुर | १,०००।- | |
| ५८ | निजी नि.मा.बि. तह बार्षीक दस्तुर | २,०००।- | |
| ५९ | निजी मा.बि. तह बार्षीक दस्तुर | २,५००।- | |
| ६० | प्रति कक्षा थपका लागी आधारभुत तह | १०००।- | |
| ६१ | प्रति कक्षा थपका लागी मा.बी. तह | १,०००।- | |
| ६२ | नगर स्तरीय लब्धाक पत्र (मार्कसिट) प्रतिलिपी दस्तुर | २००।- | |
| ६३ | न्यायीक समितिमा निवेदन दस्तुर | २००।- | |
| ६४ | न्यायीक समितिमा प्रतीउत्तर दस्तुर | २००।- | |
| ६५ | कृषक, पशुपक्षी पालन फर्म दर्ता शुल्क | ५००।- | |
| | कृषक, पशुपक्षी पालन फर्म नविकरण दस्तुर | ३००।- | |
| | कृषक, पशुपक्षी पालन समुह दर्ता शुल्क | ३५०।- | |
| | कृषक, पशुपक्षी पालन समुह नविकरण दस्तुर | ३००।- | |
| ६६ | आमासमुह तथा अन्य समुह सञ्जाल समिति दर्ता तथा नवीकरण | २००।- | |
| ६७ | सार्वजनिक मठ, मन्दिर, गुम्वा, मस्जित, पाटी-पौवा र चर्च | १२५।- | |
| ६८ | गै.स.संस्था, सहकारी, क्लव सिफारिस | ५००।- | |
| ६९ | सहकारी संस्थाहरु दर्ता शुल्क | १५०० | |
| ७० | ले.प. प्रतिवेदन असौज मसान्त र साधारण सभाको प्रतिवेदन पुस मसान्तमा नबुझाउने सहकारीलाई प्रतिमहिना विलम्व शुल्क रु | ५० | |
| संस्थाहरु शुल्क बार्षीक | | | |
| ७१ | वाणिज्य वैंक क वर्ग | ८०००। | |
| ७२ | विकास वैंक ख | ६०००। | |
| ७३ | विकास वैंक ग | ४०००। | |
| ७४ | सहकारी वैंक | २५००। | |
| ७५ | लघु वित्त तथा वित्तिय संस्थाहरु | ६०००। | |
| ७६ | संस्थाहरु INGO बार्षीक (अन्तर्राष्टिय गै. स. स.) | ५,०००।- | |
| ७७ | संस्थाहरु NGO बार्षीक | ४,०००।- | |
| ७८ | व्यवसायिक तथा प्राबिधिक शिक्षालय | १,५००।- | |
| ७९ | नक्शा पास दस्तुर (प्रति वर्ग फिट) | ३ | |
| ८० | नक्शा पास प्रमाण पत्र दस्तुर | ५००।- | |
| योजना सम्झौता सिफारिस नगरपालिकाबाट कार्यान्वयन भएका | | | |
| १ | रु १ लाख सम्मका योजना | १००।- | |
| २ | रु १ लाख देखि ५ लाख सम्मका योजना | २०० ।- | |
| ३ | रु ५ लाख देखि १० लाख सम्म का योजना | ३००।- | |
| ४ | रु १० लाख देखि २० लाख सम्मका योजना | ४००।- | |
| ५ | रु २० लाख माथिका योजना | ५००।- | |

| | | | |
|---|---|---|---|
| योजना सम्झौता सिफारिस संघीय र प्रदेश कार्यालयहरुबाट कार्यान्वयन भएका योजनाहरु | | | |
| १ | रु १ लाख सम्मका योजना | १००।- | |
| २ | रु १ लाख देखि ५ लाख सम्मका योजना | २५० ।- | |
| ३ | रु ५ लाख देखि १० लाख सम्म का योजना | ३५०।- | |
| ४ | रु १० लाख देखि २० लाख सम्मका योजना | ५००।- | |
| ५ | रु २० लाख माथिका योजना | ६५०।- | |
| **योजनाहरुको कार्यसम्पन्न (निर्माण सम्पन्न) भई भुक्तानि सिफारिस ( नगरपालिकाबाट कार्यान्वयन भएका बाहेक अन्य संघीय र प्रदेश सरकारका कार्यालयबाट कार्यान्वयन भएका योजनाहरु)** | | | |
| १ | निर्माण सम्पन्न योजना रु १ लाख सम्म | २०० ।- | |
| २ | निर्माण सम्पन्न योजना रु ३ लाख सम्म | ५०० ।- | |
| ३ | निर्माण सम्पन्न योजना रु ५ लाख सम्म | १००० ।- | |
| ४ | निर्माण सम्पन्न योजना रु १० लाख सम्म | १५०० ।- | |
| ५ | निर्माण सम्पन्न योजना रु २० लाख सम्म | २५००।- | |
| ६ | निर्माण सम्पन्न योजना रु ३० लाख सम्म | ३०००।- | |
| ७ | निर्माण सम्पन्न योजना रु ५० लाख सम्म | ३५००।- | |
| ८ | निर्माण सम्पन्न योजना रु १ करोड सम्म | ५०००।- | |
| ९ | निर्माण सम्पन्न योजना रु ५ करोड सम्म | ६०००।- | |
| १० | निर्माण सम्पन्न योजना रु ५ करोड भन्दा माथी | ८०००।- | |
| **निर्माण सम्पन्न प्रमाण पत्र दस्तुर** | | | |
| १ | जस्ता छानाको घर निर्माणमा | ४००।- | |
| २ | आर.सि.सि.फ्रम स्ट्रक्चर १००० वर्गफिटको भन्दा कमको निर्माणमा | ७००।- | |
| ३ | आ.सि.सि.फ्रम स्ट्रक्चरमा १००० वर्गफिटको भन्दा माथीको निर्माणमा | १,०००।- | |
| ४ | नक्शा पास दस्तुर (बुडर दैजी सडक खण्डसंग जोडिएका बजार आस पास ५०० मिटर सम्मको घरमा प्रति बर्ग फिट | २.२५।- | |
| ५ | बाकी बजार क्षेत्रको ग्रामिण क्षेत्र प्रति वर्ग फिट | २.२५।- | |

- 
- 
- 
- 
- 
- **सवारी साधन दर्ता तथा नवीकरण र पटके सवारी कर**

| | सवारी साधन कर | **दर** | **कैफियत** |
|---|---|---|---|
| **पट्के सवारी कर** | | | |
| १ | जिप र समानको प्रति टीप | २५०।- | |
| २ | मिनी ट्रक र समानको प्रति टीप | ३००।- | |
| ३ | ठुलो ट्रक र समान को प्रति ट्रीप | ५००।- | |
| ४ | झोला ब्यापारी (सानो) प्रति ट्रीप | २००।- | |
| ५ | झोला ब्यापारी (ठुलो) प्रति ट्रीप | ३००।- | |
| **सवारी साधन दर्ता तथा नवीकरण शुल्क** (तीन पाङ्ग्रे ठेला गाडा, विधुतीय रिक्सा, अटो, टेम्पो) | | | |
| १ | सवारी साधन दर्ता | **३४००** | |
| २ | सवारी साधन नविकरण | **७५०** | |
| ३ | रुट इजाजत दस्तुर | **७५०** | |
| ४ | नामसारी दस्तुर | **१०००** | |

| | | | |
|---|---|---|---|
| ५ | जाँचपास दस्तुर | २५० | |
| ६ | दण्ड जरीवाना | **३०० देखी १०००** | |
| दर्ता भएका सवारी साधनहरु नियमानुसार चालू आ.व.को कार्तिक मसान्तभित्र निविकरण भैसक्नुपर्नेछ। कार्तिक पछी सोही आ.व.को असाढ मसान्तसम्म तिर्न आएमा दोब्बर दस्तुर लिई नविकरण गरिनेछ। प्रत्येक वर्ष यही हिसाबले नविकरण दस्तुर लाग्नेछ। तर लगातार ३ वर्षसम्म नविकरण नगरेमा उक्त सवारी साधनको दर्ता खारेज गरिनेछ। | | | |

## अनुसूची (१२) : पार्किङ्ग शुल्क

| **सवारी साधन पार्किङ शुल्क प्रतिदिन** | | | |
|---|---|---|---|
| १ | बस/ट्रक | १०० | |
| २ | जिप/कार | ५० | |
| ३ | ट्रयाकर | १०० | |
| ४ | लोडर | २०० | |
| ५ | अटो, रिक्सा | २० | |
| ६ | टेम्पो | ३० | |

## अनुसूची (१३) : दफा सँग सम्बन्धित नदीजन्य पदार्थ बिक्रि शुल्क

| सि. नं. | विवरण | इकाई | न्युनतम दर | कैफियत |
|---|---|---|---|---|
| १ | ढुङ्गा, गिट्टि, बालुवा भरान, ग्राभेल र रोडा | प्रति घन फिट | रु. ४ | **भ्याट बाहेक** |
| २ | माटो | प्रति घन फिट | रु. ३ | **भ्याट बाहेक** |

## अनुसूची (१४) : दण्ड जरीवाना

| सि.नं. | साधनको विवरण | जरीवाना रकम रु | कैफियत |
|---|---|---|---|
| १ | पहिलो पटक भेटीएमा टेक्टर प्रति ट्रीप | २,५००। | |
| २ | पहिलो पटक भेटीएमा टीप्पर प्रति ट्रीप | ४,०००। | |
| ३ | पहिलो पटक भेटीएमा व्याक हो लोडर/स्काभेटर प्रति ट्रीप | ४,०००। | |
| ४ | खोलामा गइ थुप्रो बनाउने तथा संकलन गर्ने व्यक्ति | १००। | |
| ५ | दोस्रो पटक भेटीएमा पहिलो पटकको जरिवानामा थप ५०% प्रतिशत जरीवाना हुनेछ। | | |
| ६ | तेस्रो पटक भेटीएमा पहिलो पटकको जरिवानामा थप १००% प्रतिशत जरीवाना हुनेछ। | | |
| ७ | चौथो पटक भेटीएमा साधन जफत गरिनेछ। | | |
| ८ | नदीजन्य पदार्थ बोकेको साधन बेलुका ७ बजे देखी विहान ६ बजे सम्म भेटीएमा माथि उल्लेखित जरिवाना रकमको दोब्बर जरिवाना गरिनेछ। | | |

## अनुसूची (१५): दफा १५ सँग सम्बन्धित कर छुट (निशुल्क सेवा तथा सिफारिस)

| सि.नं. | निः शुल्क प्रदान गरिने सेवा तथा सिफारिस विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता (३५ दिन सम्म) | निशुल्क | |
| २ | निशुल्क उपचार सिफारिस | निशुल्क | |
| ३ | स्वास्थ्य समस्या सिफारिस | निशुल्क | |
| ४ | आगलागी सिफारिस | निशुल्क | |
| ५ | प्राकृतीक प्रकोप बाढी पिडित सिफारिस | निशुल्क | |
| ६ | असहाय आर्थीक सहयोग सिफारिस | निशुल्क | |
| ७ | सामाजिक तथा आर्थिक अवस्था कमजोर भएकाहरुका लागि सबै सिफारिस | निशुल्क | |
| ८ | नक्सा पास सर्जमिन | निशुल्क | |
| ९ | सामाजिक सुरक्षा भत्ता पाउने निवेदन दर्ता, नविकरण तथा सिफारिस | निशुल्क | |
| १० | झै झगडा मेलमिलाप परामर्श सेवा, कानुनी सहायताका लागि गरिने सिफारिस | निशुल्क | |
| ११ | अपाङ्ग परिचयपत्रका लागि सिफारिस | निशुल्क | |

## अनुसुचि १६

### अगामि आ व २०८०।०८१ को लागि आन्तरीक स्रोत तर्फ अनुमानित कर तथा गैर कर राजश्व आयको प्रक्षेपण

| क्र स | राजश्व सकेत नम्बर | राजश्व शिर्षक | गत आ व (२०७८/ ०७९) को यर्थात आय | चालु आ व - २०७९/०८०) को संशोधित आय | आगामि आ व - २०८०/०८१) को अनुमानित आय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १८२८१२५.५ | १०००००० | ११००००० | |
| २ | ११३१४ | भुमिकर/मालपोत | ७२२२९. | १५००००० | १५००००० | |
| ३ | ११३१५ | घरजग्गा रजिष्टेशन | ०.०० | २०००००० | ५००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | दस्तुर | | | | |
| ४ | ११३२१ | घरवहाल कर | २६८३६६५.२५ | ५००००० | ५००००० | |
| ५ | ११३२२ | वहाल विटौरी कर | ०.०० | ० | १५०००० | |
| ६ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ०.०० | १००००० | १५०००० | |
| ७ | ११४७९ | अन्य मनोरञ्जन कर | ०.०० | ० | १००००० | |
| ८ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | ११३१२५९. | १०००००० | १५००००० | |
| ९ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ० | १५०००० | |
| १० | ११६३२ | ओखेटोपहारमा लाग्ने कर | ०.०० | ० | १००००० | |
| ११ | ११६९१ | अन्य कर | ६०२२३७९. | १०००००० | १०००००० | |
| १२ | १४१९१ | पर्यटन शुल्क | ०.०० | ० | १००००० | |
| १३ | १४१५७ | दहत्तर बहत्तर (नदि जन्यपदार्थ ढुङ्गा गिट्टि बालुवा) | | ३५००००० | ५०००००० | |
| १४ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ०.०० | ० | १००००० | |
| १५ | १४२२१ | न्यायिक दस्तूर | ०.०० | ० | ५०००० | |
| १६ | १४२४१ | पार्किङ्ग शुल्क | ०.०० | १००००० | १५०००० | |
| १७ | १४२४२ | नक्सापास दस्तुर | ६८३९०.३८ | ३००००० | ५००००० | |
| १८ | १४२४३ | सिफारिश दस्तुर | २३३६५११. | २४००००० | २५००००० | |
| १९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ३८४२६४. | ५००००० | ५००००० | |
| २० | १४२४५ | नाता प्रमाणित दस्तुर | ०.०० | १००००० | २००००० | |
| २१ | १४२४९ | अन्य दस्तुर | ४२९४५२. | १५००००० | २०००००० | |
| २२ | १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ०.०० | २००००० | २००००० | |
| २३ | १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | ०.०० | १००००० | ५०००० | |
| २४ | १४२६५ | अन्य क्षेत्रको आय | ०.०० | ११००००० | १३००००० | |
| २५ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ०.०० | १००००० | १००००० | |
| २६ | १४३१२ | प्रशासनिक दण्ड, | ०.०० | ३००००० | ३००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जरिवाना र जफत | | | | |
| २७ | १४३१३ | धरौटी सदरस्याहा | ०.०० | ० | ० | |
| २८ | १४६११ | व्यवसाय कर | ०.०० | ५००००० | २००००० | |
| २९ | १५१११ | बेरूजू | २७५३९८. | २००००० | ० | |
| ३० | १५११२ | निकासा फिर्ता | ०.०० | ० | ० | |
| **जम्मा** | | | १,५२,३१,६७३.१३ | १८०००००० | २०००००००० | |

प्रमाणिकरण समितिः २०८०।०३।३१

आज्ञाले

खडानन्द खत्री

प्रमुख प्रशासकीय अधिकृत